माथागढी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
झडेवा, पाल्पा
प्रदेश नं. ५, नेपाल

**सिलबन्दी दरभाउपत्र आव्हानको सूचना**

*प्रथम पटक प्रकाशित मितिः२०७५।१२।२७*

प्रस्तुत विषयमा यस कार्यालयको चालु आ.ब.०७५।७६ का लागी स्वीकृत बजेट कार्यक्रम अनुसार यस कार्यालय अन्तर्गत स्वास्थ्य चौंकीहरुमा ल्याव सञ्चालनको लागी ल्याव सामाग्री उपलब्ध गराउनका लागि सिलबन्दी दरभाउपत्र आव्हान गरी खरिद गर्नुपर्ने भएकोले सार्वजनिक खरिद ऐन, २०६३ तथा खरिद नियमावली, २०६४ मा भएको व्यवस्था अनुरुप सम्वन्धित निकायबाट ईजाजत प्राप्त ईच्छुक फर्म/सप्लायर्स वा कम्पनिहरुबाट तपशिल बमोजिम तोकिएको शर्तहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले १५ दिन कार्यालय समय भित्र सिलबन्दी दरभाउपत्र पेस गर्नका लागी यो सूचना प्रकाशित गरिएको छ।

तपशिलः

१. दरभाउपत्र फाराम माग गर्दा मू.अ.कर दर्ता प्रमाण पत्र, स्थायी लेखा नम्बर दर्ता प्रमाण पत्र, संस्था तथा कम्पनी दर्ता प्रमाण पत्र, व्यवसाय दर्ता प्रमाण पत्र, आ.व. ०७५।०७६ सम्मको लागि व्यवसायिक प्रमाण पत्र नविकरण भएको प्रमाण पत्र र आ.व. २०७३।७४ सम्मको कर चुक्ता प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपी संलग्न गरि रु. १०।- को टिकट टाँसी निबेदन दिनुपर्ने छ।

२. दरभाउपत्र फाराम रु. १०००।०० (एकहजार) पछि फिर्ता नहुने गरि तिरि यस कार्यालयबाट गो सूचना प्रकाशित भएको मिति देखि १५ दिन भित्र कार्यालय समयमा खरिद गर्न सकिनेछ।

३. खरिद भएका दरभाउपत्र सूचना प्रकाशित भएको मितिले १६ औ दिन को १२.०० बजे भित्र रितपूर्वक सहिछाप गरिएको शिलबन्दी दरभाउपत्र यस कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ। दर्ता हुन आएका शिलबन्दी दरभाउपत्रहरु १६ औ दिनको २.०० बजे कार्यालय प्रतिनिधी र दरभाउपत्रवाला वा निजको प्रतिनिधीको उपस्थितीमा यस कार्यालयमा खोलिने छ। दरभाउपत्रवाला वा निजको प्रतिनिधिको उपस्थिती नभएमा पनि शिलबन्दी दरभाउपत्र खोल्न बाधा पर्ने छैन।

४. दरभाउपत्र खरिद गर्ने अन्तिम दिन तथा दर्ता गर्ने दिन सार्बजनिक बिदा परेमा त्यसको भोलि पल्ट वा कार्यालय खुलेको दिन खरिद तथा दर्ता गर्न सकिने छ।

५. शिलबन्दी दरभाउपत्र साथ रु.३३,५००।० अक्षरुपी रु. तेत्तिस हजार पाँच सय मात्र माथागढी गाउँपालिका पाल्पाको नाममा मेगा बैक लिमिटेड झडेवा, पाल्पामा रहेको हि.नं.०३३००१०१००६५३ धरौटी खातामा जम्मा गरेको सक्कल बैक भौचर वा यस कार्यालयको नाममा जारि भएको दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिबाट कम्तिमा ९० दिन म्याद भएको वाणिज्य बैंकबाट जारि भएको जमानत वापतको विडबण्ड संलग्न हुनुपर्ने छ।

६. दरभाउपत्र फाराममा मू.अ.कर बाहेकको दररेट अंक र अक्षरमा स्पष्टसंग लेख्नु पर्नेछ।

७. दरभाउपत्र स्विकृत भइसकेपछि दरभाउपत्रदाताले लागत अनुमान भन्दा १५% सम्म कम अंक कबुल गरेमा कबुल अंकको ५% र लागत अनुमानको १५% भन्दा बढी घटेर कवुल गरेको अवस्थामा १५% भन्दा जति रकमले घटी कबुल गरेको छ, सोको ५०% ले हुन आउने रकम कबुल अंकको ५% मा थप गरी कार्य सम्पादन जमानत वापतको रकम जम्मा गरेको सक्कल बैंक भौचर वा ९० दिन अवधी म्याद भएको वाणिज्य बैंकबाट जारी भएको जमानत वापतको पर्फमेन्सबण्ड संलग्न राखी संम्झौता गर्नुपर्नेछ।

८. कुनैपनि दरभाउपत्र आसिंक वा पूर्णरुपले स्वीकृत गर्ने वा नगर्ने वा रद्द गर्ने वा दरभाउपत्र आईटम वाईज वा प्याकेजमा प्रतिस्पर्धा हुने भन्ने निर्णय गर्ने सम्पूर्ण अधिकार यस कार्यालयलाई हुनेछ।

९. रित नपुगि वा म्याद नाघि वा शिलबन्दी नभई आएका दरभाउपत्र उपर कुनै कारवाही हुने छैन।

१०. दरभाउपत्रदाताले कबोल गरेको रकमबाटै यस कार्यालयको स्टोरमा ल्याब सामाग्रीहरु बुझाउनुपर्नेछ। बोपत्रदाताले कबोल गरेको मूल्य बाहेक अन्य कुनै खर्च कार्यालयबाट व्यहोरिने छैन्।

११. सम्झौता अबधि भर कुनै मूल्यबृद्धि दिईने छैन।

१२. दरभाउपत्रको मान्य अवधी ४५ दिनको हुनेछ।

१३. ल्याब सामाग्री खरिद गर्दा स्टोर दाखिला हुने रिएजेन्ट तथा उपकरण दुरुस्त हुनुपर्नेछ।

१४. पेश हुने ल्याब सामाग्रीहरु स्पेशिफिकेसन अनुसार हुनुपर्नेछ।

१५. ल्याब सामाग्रीमा थप रकम प्राप्त भएमा वा कार्यालयले थप ल्याब सामाग्री खरिद गर्ने भएमा स्विकृत दरभाउ पत्रमा उल्लेखित दर रेटमा थप ल्याब सामाग्री उपलब्ध गराउनुपर्नेछ।

१६. ल्याब उपकरणहरुको मर्मत सम्भारको लागी कम्तिमा १ वर्ष वारेन्टी अनुसार आपूर्तिकर्ताले सेवा दिनु पर्नेछ।

१७. उपयुक्त बुँदाहरुमा उल्लेख नभएका कुरा वा शर्तहरुको हकमा प्रचलित आर्थिक कार्यबिधी ऐन, सार्वजनिक खरिद ऐन, २०६३ र सार्बजनिक खरिद नियमावली, २०६४ अनुसार हुने छ।

१८ यस सम्वन्धमा थप जानकारी आवश्यक परेमा यस कार्यालयको फोन नं.९८५७०६०२३१ मा कार्यालय समयमा सम्पर्क गर्न सकिने छ।

प्रमुख प्रशासकीय अधिकृत
**प्रमुख प्रशासकीय अधिकृत**

Scanned by CamScanner